# जिराभवानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेढवा, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः - २०७८/०७९
चलानी नं. ८६३

मितिः २०७८।११।०२ गते

श्री वडा कार्यालय, (सबै)
जिराभवानी गाउँपालिका, पर्सा ।

**विषय :- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७ सहित ) को दफा १८ बमोजिम आर्थिक बर्ष २०७९/८० मा न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको बेरोजगार व्यक्तिहरुले मिति २०७८ फाल्गुन १ गते देखि फाल्गुन ३० गते सम्म आफुले स्थायी बसोबास गरेको सम्वन्धीत वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।निवेदनको ढाचाँ सम्वन्धित वडा कार्यालय वा रोजगार सेवा केन्द्र बाट नि शुल्क प्राप्त गर्न सकिन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-**

१. निवेदकको १ (एक) प्रति नागरिकता प्रामाणपत्रको प्रतिलिपी र पासपोर्ट साईज फोटो ।
२. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति, शैक्षिक योग्यता, सिप दक्षता तथा रोजगारीको अवस्था ।
३. स्थायी बसोवास खुल्ने आवश्यक कागजातको फोटोकापी, नागरिकता प्रमाणपत्र अन्य ठाँउबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपी र ना. प्र. प. न.।
४. कुल बार्षिक परिवारिक आय, फोन नं परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष (पेन्सन) वा रोजगारदाताबाट अन्य कुनै सहायता वा आम्दानी नलिएको विवरण ।

.................................
प्राण मेहता
(प्रमुख प्रशासकीय अधिकृत)

**नोटः-** तपसिलका आवश्यक विवरण अपुर्ण भएमा फारम स्वीकृत गरिने छैन । साथै थप जानकारीका लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्र सम्पर्क गर्न सकिन्छ ।मोबाईल नं. ९८०९२०३२०८